कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम काम कारोवार गर्न इजाजतपत्र प्राप्त

नेपालको पहिलो बैंक — नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

रजिष्टर्ड (केन्द्रीय कार्यालय): काठमाडौ जिल्ला, का.म.न.पा. वडा नं. २२, धर्मपथ
पोष्ट वक्स नं.३६, फोन न. ४२२२३९७/४२३९८८८, फ्याक्स नं. ४२२०४१४
Email: info@nepalbank.com.np URL: www.nepalbank.com.np

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

विवरणपत्र

चुक्ता रकम रु. १,७६,८४,८५,८००/- (अक्षरेपी एक अर्व छयहत्तर करोड चौरासी लाख पचासी हजार आठसय) रकम बराबर प्रति शेयर रु.१००।– मा प्रिमियम रकम रु १८० थप गरी जम्मा प्रति शेयर रु २८०/- दरका १,७६,८४,८५८ कित्ता शेयर सर्वसाधारणमा थप सार्वजनिक निष्काशन गरिएको ।

दरखास्तसाथ प्रति शेयर रु. २८०/ को दरले (प्रिमियम सहित शत् प्रतिशत) भुक्तानी माग गरिएको

नेटवर्थ सम्वन्धि विवरण

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.व ०७३/०७४	आ.व ०७४/०७५	आ.व ०७५/०७६	आ.व ०७६/०७७
प्रति शेयर नेटवर्थ (रु.)	५९.२६	१०३.८५	१४२.३९	१९९.५०	२३४.८७	२७१.०९
प्रति शेयर आम्दानी (रु.)	७.४८	४४.५९	३८.७७	३२.३१	३५.३७	३६.२२
संचित नाफा नोक्सान (रु. हजारमा)	-६,१३९,२३७	-४,५१०,०९३	-२,०३३,५९०	११५,४७३	२,८५६,९५१	५,६६४,१६९

लगानीमा हुने जोखिमसम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ८ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धि निर्णय लिन सुझाव गरिन्छ ।

नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :

यस विवरणपत्रमा उल्लेखित धितोपत्र थप सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो । यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा आयोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

क्रेडिट रेटिङ्ग सम्वन्धी विवरण :

यस विवरणपत्र अनुसार सर्वसाधारणहरुमा निष्काशन गरिने नयां निष्काशन (फर्दर पब्लिक इस्यू) गरिने शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त केयर रेटिङ्गस नेपाल लि., काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई "केयर-एनपि आईपियो ग्रेड ३+" प्रमाणपत्र प्राप्त गरेको छ । "केयर-एनपि आईपियो ग्रेड ३+" ले संगठित संस्थाको अवस्था औषत आधार (Average Fundaments) रहेको देखाउछ ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्रमा स्वीकृति प्राप्त मिति २०७५/०३/०१
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता मिति २०७५/०३/०५
धितोपत्र निष्काशन खुल्ला मिति :२०७५/०३/१५ धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) :२०७५/०३ /१९
धितोपत्र निष्काशन बन्द हुने मिति(अन्तिम) : २०७५/०४/१३

धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक :

Siddhartha Capital Limited
Investing happiness

सिद्धार्थ क्यापिटल लिमिटेड
पो.व.नं.२१२००, नारायणचौर, नक्साल काठमाण्डौ,
फोन नं. ४४२०९२४/४४२०९२५ ,फ्याक्स नं. ४४२०९२९
इमेल: scl@siddharthacapital.com
वेव साइट: www.siddharthacapital.com

ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं सम्झनु पर्दछ ।

ग) "संगठित संस्था/कम्पनी" भन्नाले निष्काशनकर्ता कम्पनी नेपाल बैंक लिमिटेड, धर्मपथ, काठमाण्डौ सम्झनु पर्दछ ।

घ) "धितोपत्र" भन्नाले यस विवरणपत्र मार्फत थप सार्वजनिक निष्काशन गरि विक्री गरिने सम्पूर्ण धितोपत्र बुझाउँदछ ।

ङ) "संकलन केन्द्र" भन्नाले नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ बमोजिम धितोपत्रको दरखास्त संकलन गर्न अनुमति प्राप्त बैंक तथा वित्तिय संस्थाहरु र तिनका शाखा कार्यालयहरु सम्झनु पर्दछ ।

च) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालयलाई सम्झनु पर्दछ ।

छ) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापन" भन्नाले नेपाल बैंक लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापन सम्झनु पर्दछ ।

ज) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

झ) "वित्तिय विवरण" भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिबर्तनको विवरण र लेखा नीति तथा लेखासंग सम्बन्धित टिप्पणीहरु समेत जनाउँदछ ।

ख.२. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

विवरणपत्र पाइने स्थानहरुः

१. सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ ।
२. नेपाल बैंक लिमिटेड, धर्मपथ, काठमाण्डौ ।

साथै निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.siddharthacapital.com, र निष्काशनकर्ता कम्पनीको वेभसाइट nepalbank.com.np, वा नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ ।

दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :

नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरु ।

ग.१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई कम्पनी तथा यसका सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानीसम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Deligence Certificate) प्रस्तुत गरेका छौं ।

ग.२. संगठित संस्थाको उद्घोषण :

ग.२.क. संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :

यस नेपाल बैंक लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

ग.२.ग. नियमन निकायको नियमन व्यबस्थाको पालना सम्बन्धी उद्घोषण :

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय आदी) को थप सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं। साथै थप सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । कम्पनी रजिष्ट्रारको मिति २०७५।०२।२४ को पत्रानुसार आ.व. २०७३/०७४ सम्म कम्पनी रजिष्ट्रारको कार्यालयमा संगठित संस्था अद्यावधिक रहेको छ ।

ग.२.घ. संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :

(१) यस संगठित संस्थाको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
(२) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।
(३) थप सार्वजनिक निष्काशनमार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरूको हितविपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
(५) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्रसम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

ग.३. संगठित संस्था सम्बन्धी जानकारी :

ग.३.क. संगठित संस्थाको पृष्ठभूमि :

(क) **संस्थाको नाम :** नेपाल बैंक लिमिटेड (Nepal Bank Limited)

(ख) **संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था, २०७३ अन्तर्गत स्थापित ।

(ग) **संस्थाको रजिष्टर्ड ठेगाना :** वागमती अञ्चल, काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २२, धर्मपथ, काठमाण्डौं ।

(घ) **कारोवार गर्ने मुख्य स्थान :** हाल यस बैंकको कारोवार गर्ने मुख्य स्थान काठमाण्डौं जिल्ला, का.म.न.पा वडा नं. २२, धर्मपथ, न्यूरोडमा रहेको छ र शाखा कार्यालयहरु देशभरका विभिन्न जिल्लाहरुमा जम्मा १३५ स्थानमा रहेका छन् । साथै आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड पुरा गरी शाखा, उपशाखा तथा अन्य कार्यालयहरु स्थापना गरी आफ्नो कारोवार संचालन गर्न सक्नेछ ।

क्र.सं.	शाखाको नाम	शाखा रहेको स्थान र जिल्ला
१	प्रधान कार्यालय	का.म.न.पा २२, न्यूरोड
२	काठमाण्डौ बैंकिङ्ग अफिस	का.म.न.पा २२, न्यूरोड
३	सि.अ. नेपालगंज	नेपालगंज न.पा. १७, सदर लाईन
४	भद्रपुर	भद्रपुर न.पा. ३, भद्रपुर
५	गौर	गौर न.पा. १, गौर बजार
६	सि.अ. जनकपुर	जनकपुर न.पा. १, स्टेशन रोड
७	सि.अ.पोखरा	पोखरा उ.म.न.पा. ३, तेर्सापट्टी
८	मिल्सएरिया	विराटनगर उ.म.न.पा. २०, मिल्सएरिया
९	सिद्धार्थनगर	सिद्धार्थनगर न.पा. ८, भैरहवा
१०	राजविराज	राजविराज न.पा. ४, राजविराज बजार
११	कृष्णनगर	कृष्णनगर गा.वि.स. २, कृष्णनगर
१२	बनेपा	बनेपा न.पा. १०, बनेपा बजार
१३	सि.अ.धरान	धरान न.पा. ४, धरान बजार
१४	तानसेन	तानसेन न.पा. ४, तानसेन बजार
१५	ललितपुर	ल.उ.म.न.पा. १८, गावहाल
१६	भक्तपुर	भक्तपुर न.पा. ४, कमलविनायक
१७	भेडासिं	का.म.न.पा. २७, भेडासिंह
१८	कलैया	कलैया न.पा. ६, कलैया बजार
१९	वागलुङ्ग	वागलुङ्ग न.पा. २, वागलुङ्ग बजार
२०	नारायणगढ	भरतपुर न.पा. ३, नारायणगढ
२१	सि.अ.हेटौडा	हेटौडा न.पा. १०, बैक रोड
२२	त्रिसुली	विदुर न.पा. ३, तल्लो विदुर
२३	दाङ्ग	त्रिभुवन न.पा. १०, दुधेनी
२४	मलंगवा	मलंगवा न.पा. ८, मलंगवा बजार
२५	रंगेली	रंगेली गा.वि.स. १, रंगेली बजार
२६	डिल्लीबजार	का.म.न.पा. ३३, डिल्लीबजार
२७	पाटन इं.ए.	ल.उ.म.न.पा. १५, इ.एरिया
२८	बालाजु	का.म.न.पा. १६, बालाजु
२९	लाहान	लाहान न.पा. ८, लाहान बजार
३०	सि.अ.विराटनगर	विराटनगर उ.म.न.पा. ८, मेनरोड
३१	भ.ए.विरगंज	विरगंज उप-महा न.पा. २, भन्सार एरिया
३२	इलाम	इलाम न.पा. २, इलाम बजार
३३	ज.चु.का.कम्पाउण्ड	जनकपुर न.पा. ६, ज.चु.का.कम्पाण्ड
३४	कालिमाटी	का.म.न.पा. १३, कालिमाटी

३५	सि.अ.विरगंज	विरगंज उप-महा न.पा. ३, बिर्ता विरगंज
३६	किर्तिपुर	का.म.न.पा. ३, टि.यू.कम्पाउण्ड
३७	साँखु	साँखु गा.वि.स. ९, साँखु
३८	रत्ननगर	रत्ननगर न.पा. २, टाँडी बजार
३९	श्रीपुर	विरगंज उप-महा न.पा. १६, श्रीपुर
४०	लाजिम्पाट	का.म.न.पा. २, लाजिम्पाट
४१	प्यूठान	खलङ्गा गा.वि.स. ३, दोश्रो गल्ली
४२	हेटौडा औ.क्षेत्र	हेटौडा न.पा. ८, हेटौडा इ.ए.
४३	तेह्रथुम	म्याङ्गलुङ्ग गा.वि.स. २, तेह्रथुम बजार
४४	धुलावारी	मेची न.पा. ९, धुलावरी बजार
४५	चौतारा	चौतारा गा.वि.स. ८, चौतारा
४६	इटहरी	इटहरी न.पा. १, इटहरी बजार
४७	दमौली	व्यास न.पा. २, दमौली
४८	खस्यौली	बुटवल न.पा. १, खस्यौली बजार
४९	ताप्लेजुङ्ग	फुङ्गलिङ्ग गा.वि.स. ४, ताप्लेजुङ्ग बजार
५०	बेनीबजार	अर्थुङ्गे.वि.स. २, बेनिबजार
५१	चावाहिल	का.म.न.पा. ७, चावाहिल
५२	क्षेत्रपाटी	का.म.न.पा. १७, क्षेत्रपाटी
५३	कुस्मा पर्बत	सिभिलीङ्ग गा.वि.स. ८, कुस्मा बजार
५४	फिदिम	फिदिम गा.वि.स. १, फिदिम बजार
५५	जोमसोम	जोमसोम गा.वि.स. ५, जोमसोम बजार
५६	कन्चनपुर	कन्चनपुर गा.वि.स. ४, कन्चनपुर बजार
५७	स्याङजा	पुतलीबजर न.पा. १, स्याङजा
५८	गौरीगंज	खजुर गाछी गा.वि.स. ६, गौरीगंज बजार
५९	सल्यान	खलंगा गा.वि.स. ६, सल्यान खलंगा
६०	जाजरकोट	खलंगा गा.वि.स. ५, जाजरकोट
६१	रोल्पा	लिवाङ्ग गा.वि.स. ६, रोल्पा
६२	मुसिकोट	खलंगा गा.वि.स. १, रुकुम
६३	चापागाउँ	चापागाउ गा.वि.स. २, भन्सार
६४	दुहवि	दुहवि गा.वि.स. ६, दुहवी बजार
६५	चन्द्रनिगाहपुर	चन्द्रनिगाहपुर गा.वि.स. १, चन्द्रनिगाहपुर
६६	वालिङ्ग	वालिङ्ग न.पा. ३, वालिङ्ग बजार
६७	डोल्पा	दुनाई गा.वि.स. २, दुनाई बजार
६८	बिर्तामोड	अनारमुनि गा.वि.स. ३, विर्तामोड बजार
६९	बगर पोखरा	पोखरा उप-माह न.पा. १, बगर
७०	धम्वोजी	नेपालगंज न.पा. १, खजुरा रोड
७१	बजारअड्डा	विराटनगर उ.म.न.पा. १४, हिमालय रोड
७२	काकडभिट्टा	मेची न.पा. १०, काकडभिट्टाबजार
७३	टिकापुर	टिकापुर न.पा. ९, टिकापुर बजार
७४	धुन्चे	धुन्चे गा.वि.स. ५, धुन्चे
७५	आदर्शनगर	विरगंज उप-महा न.पा. १३, आदर्शनगर
७६	गोलबजार	असनपुर गा.वि.स. ६, गोलबजार
७७	चामेमनाङ	चामे गा.वि.स. ७, चामेमनाङ्ग
७८	झुम्का	भादगाउ सिन्वारी गा.वि.स. २, झुम्का बजार
७९	चारिकोट	भिमेस्वर न.पा. १०, चारिकोट
८०	कुपण्डोल	ल.उ.म.न.पा. १०, कुपण्डोल
८१	धनगढी	धनगढी न.पा. १, धनगढी

८२	थानकोट	महादेबस्थन गा.वि.स. ७, थानकोट
८३	सिराह	सिराहा न.पा. १, सिराहा बजार
८४	महेन्द्रनगर	महेन्द्रनगर न.पा. ४, महेन्द्रनगर
८५	डडेल्धुरा	अमरगढी न.पा. २, डडेल्धुरा बजार
८६	गाईघाट	त्रियुगा न.पा. २, गाईघाट बजार
८७	भोजपुर	भोजपुर गा.वि.स. ५, भोजपुर बजार
८८	जावलाखेल	ल.उ.म.न.पा. ४, जावलाखेल
८९	पृथ्विचौक	पोखरा उप-माह न.पा. ९, पृथ्विचौक
९०	विरेन्द्रनगर	विरेन्द्रनगर न.पा. ६, बुद्धपथ
९१	दमक	दमक न.पा. ११, दमक बजार
९२	सैनिकशाखा	का.म.न.पा., त्रिपुरेश्वर
९३	कान्तीपथ	का.म.न.पा. ३०, कान्तीपथ
९४	खादवारी	खाँदवारी न.पा. , खाँदवारी बजार
९५	ठिमि	ठिमि न.पा. १४, नयाँ बाटो
९६	बेशिशहर	बेशिशहर गा.वि.स. १, बेशिशहर
९७	गुलरिया	गुलरीया न.पा. ८, गुलरीया बजार
९८	पनौती	पनौती न.पा. ११, पनौती बजार
९९	पर्साबजार	खैरहनी गा.वि.स. ४, पर्सा बजार
१००	राजापुर	राजापुर गा.वि.स. १, राजापुर
१०१	पाँचखाल	पाचखाल न.पा. ६, पाँचखाल
१०२	सुरुङ्गा	सुरुङ्गा गा.वि.स. ५, सुरुङ्गा बजार
१०३	गौरादह	गौरादह गा.वि.स. ३, गौरादह बजार
१०४	बरहथवा	बरहथवा गा.वि.स. ५, बरहथवा बजार
१०५	हरिऔन	हरिऔन गा.वि.स. ९, हरिऔन बजार
१०६	जितपुर	जितपुर गा.वि.स. ३, जितपुर बजार
१०७	डुम्रे	बन्दीपुर गा.वि.स. १, डुम्रे बजार
१०८	सुन्दर बजार	शुन्दरबजार गा.वि.स. ४, प्रसान्ती चौक
१०९	मणीग्राम	तिलोत्तमा न.पा. ६, मणीग्राम बजार
११०	चन्द्रौटा	चन्दौटा न.पा. ९, चन्द्रौटा बजार
१११	गितानगर	गितानगर गा.वि.स. ५, गितानगर बजार
११२	मेलम्ची	मेलम्ची गा.वि.स. ६, मेलम्ची बजार
११३	उर्लावारी	मधुमल्ला गा.वि.स. ४, उर्लावारी बजार
११४	पालुङ्ग	दामन गा.वि.स. ५, पालुङ्ग बजार
११५	रामपुर (चितवन)	गा.वि.स., रामपुर बजार
११६	बुर्तिवाङ्ग	बुर्तिवाङ्ग गा.वि.स. १, बुर्तिवाङ्ग
११७	फत्तेपुर	नमुना गा.वि.स. ३, फत्तेपुर
११८	ठैव	गोदावरी १२, ठैव
११९	बयलवास	ईश्वरपुर गा.वि.स. २, बयलवास
१२०	सानोश्री	सानोश्री गा.वि.स. ६, सानोश्री बजार
१२१	गौशाला	गौशाला न.पा. १, गौशाला
१२२	बुधबारे	बुधवारे ६, हडिया बुधबारे
१२३	कटरिया	कटहरिया ८, कटहरिया बजार
१२४	चक्रघट्टी	महेन्द्रनगर गा.वि.स. २, चक्रघट्टि
१२५	जोगबुढा	जोगबुढा न.पा. २, जोगबुढा
१२६	कल्याणपुर	कल्याणपुर ३, कल्याणपुर
१२७	सुन्तलेटार	सुन्तलेटार न.पा. ७, चापाकोट
१२८	खैरेनिटार	शुक्लागण्डकी न.पा. ११, खैरेनिटार

१२९	कोहलपुर	कोहलपुर न.पा. ११, कोहलपुर
१३०	गल्कोट	हरिचौर गा.वि.स. ५, हरिचौर
१३१	गोदार	गणेशमानचारनाथ न.पा. ७ गोदार, धनुषा
१३२	हरिपूर	हरिपूर नगरपालिका २, हरिपूर
१३३	भण्डारा	राप्ती नगरपालिका ५, भण्डारा
१३४	महाराजगंज	का.म.पा ४ महाराजगंज
१३५	कोटेश्वर	का.म.पा. ३२ कोटेश्वर
१३६	रुकुम(पुर्व)	सिस्ने गांउपालिका ६, रुकुम

(ङ) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः

कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

साबिकमा नेपाल बैंक कानून, १९९४ अन्तरगत स्थापना भई बैकिङ्ग कारोवार गर्दै आएकोमा कम्पनी अध्यादेश, २०६२ अनुसार कम्पनी रजिष्टार कार्यालयमा मिति २०६३/०१/०५ मा दर्ता भई मिति २०६३/०१/१७ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी वित्तीय कारोवार संचालन गर्दै आएको छ । देशमा औपचारिक रुपमा बैंकिङ्ग प्रथाको सुरुवात गरेको यस बैंकले विगत लामो समय देखी विभिन्न शाखाहरुको माध्यमबाट देशको सुगम स्थानदेखि विकट स्थानसम्मको जनताहरुलाई बैकिङ्ग सेवा उपलब्ध गराउदै आएको छ । विकट ग्रामिण क्षेत्र देखी शहरी क्षेत्रमा छरिएर रहेको सानो सानो वचतलाई निक्षेपको रुपमा संकलन गरि औद्योगिक, व्यवसायिक तथा कृषि क्षेत्रको विकासको लागि कर्जा प्रवाह गर्ने, सरकारी कारोवार तथा पेन्सन भुक्तानी मार्फत ग्रामिण क्षेत्रमा सहज बैंकिङ्ग सुविधा प्रदान गर्ने तथा देशभर बाणिज्य बैंकिङ्ग सेवा प्रदान गरि समग्र रुपमा देशको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको यस बैंकले हाल १३५ शाखा मार्फत देशभर बैंकिङ्ग सुविधा उपलब्ध गराउँदै आएको छ ।

बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंक ऐन, २०५८, कम्पनी ऐन तथा अन्य प्रचलित कानूनको अधिनमा रहि वित्तिय कारोवार (वित्तीय व्यवसाय) गर्ने यस बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

(क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हकहितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने ।

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तिय साधन आन्तरिक तथा वाह्य श्रोतबाट जुटाइ देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने ।

(ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकिय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिवी निवारणका लागि सक्रिय रुपमा संलग्न रहि सहयोग पुऱ्याउने र

(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) : सो नभएको ।

(छ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :

(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु

संगठित संस्थाले प्रदान गर्ने मुख्य सेवाहरुमा निक्षेप संकलन, कर्जा प्रवाह र विप्रेषण भुक्तानी रहेका छन् ।

(२) प्रयोग भएको वा गरिने प्रविधि :

संगठित संस्था सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड (१) मा उल्लेखित सेवा प्रदान गर्न आवश्यक प्रविधि सम्पन्न रहेको छ ।

(३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र वित्तीय संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार : सो नभएको ।

(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :

संगठित संस्थाले वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट क वर्गको ईजाजतपत्र प्राप्त गरी नेपालभर वित्तीय संस्थाको हैसियतले आफ्नो वित्तीय कारोवार सञ्चालन गर्दै आएको ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :**
समय सापेक्ष अनुसार नयाँ उत्पादन तथा सेवाको विकास गरी सम्भाव्य ग्राहकहरुको पहिचान गरेर आफ्नो व्यापार विस्तार गर्ने योजना रहेको छ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**
संगठित संस्थाको प्रमुख बजार नेपाल भर रहेको र हरेक वर्गका ग्राहकको आवश्यकता अनुरुप सेवाहरु उपलब्ध गराउदै लैजाने वित्तीय संस्थाको लक्ष्य रहेको छ ।

(७) **उत्पादन/ सञ्चालन क्षमता र सोको उपभोग स्थिति :**
संगठित संस्थामा लामो अनुभव हासिल गर्नु भएको सञ्चालक/व्यवस्थापन दक्षताको आधारमा यस वित्तीय संस्थाले वित्तीय बजारको राम्रो हिस्सा ओगट्न र ग्राहकहरुलाई राम्रो सेवा प्रदान गर्न सफल रहेको देखिन्छ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**
सो नभएको ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**
बैंक तथा वित्तीय संस्था, शैक्षिक क्षेत्र, सरकारी सेवा उद्योग एवम् व्यापार क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक/व्यवस्थापन समूह गग्रहकहरुको गुणस्तरीय सेवा, सुविधा तथा सन्तुष्टिको लागि तत्पर रहेका छन् ।

(१०) **अनुसन्धान तथा विकास :**
नेपालको बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभूमिमा संगठित संस्थाले अनुसन्धान तथा विकासलाई उच्च प्राथमिकता दिई सो कार्यका लागि संगठित संस्थाका उच्च पदाधिकारीको मातहतमा एउटा छुट्टै “योजना तथा अनुसन्धान” एकाई खडा गरिनेछ । जसले नयाँ सेवाहरुको विकास मात्र नभई हाल प्रदान गरिएका सेवाहरुमा समय सापेक्ष रुपमा आवश्यक परिमार्जनहरु गर्ने नयाँ सेवाहरुको उपयुक्तताका सम्बन्धमा व्यवस्थापनलाई सुझाव उपलब्ध गराउनेछ । साथै संगठित संस्थाले ग्राहक वर्गमा नयाँ निक्षेपका योजनाहरु, ग्राहकमुखी सरल कर्जा सुविधा र विश्वसनीय नयां नयां प्रविधिको प्रयोग गरी आफ्ना ग्राहकहरुलाई प्रतिस्पर्धात्मक एवं गुणस्तरीय सेवा प्रदान गर्ने सोच राखेको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :** सो नभएको ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**
यस क्षेत्रमा सञ्चालित अन्य बैंक वित्तीय सँस्थाहरु बीच वित्तीय संस्थाको स्थिति मजबुत रहेको छ । यस वित्तीय संस्थाको समान उद्योगहरु बीच प्रतिष्पर्धा भएतापनि आफ्नो छुट्टै पहिचान बनाउन सफल भई बजारमा आफ्नो स्थान ओगट्न सफल भएको छ ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोवारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण)** : सो नभएको ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै- संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण)** : सो नभएको ।

ग.३.ख. सम्पत्तिको विवरण :

(क) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**
यो संगठित संस्था सेवा मूलक वित्तिय संस्था भएकोले यसको वस्तु उत्पादन गर्ने प्रकारको उपकरण (प्लान्ट) नरहेको तथा अन्य सम्पत्तिको हकमा सो सम्बन्धी विवरण यसै विवरणपत्रको बुँदा ग(९)क मा आ.व.२०७३/०७४ को वासलातमा उल्लेख गरिए बमोजिम रहेको छ जसको विस्तृत विवरण देहाय अनुसार रहेको छ ।

रु (हजारमा)

क्र.सं.	सम्पत्तिको विवरण	रकम
१	जग्गा	१२,६०१
२	भवन	१५९,९२५

३	परिबहन साधन	५६,३०१
४	कार्यालय सामान	१८८,७१७
५	अन्य	३०,६३९
६	पूँजीगत निर्माण (पूँजीकरण गरिनुपर्ने)	४,८२२
७	लिजहोल्ड सम्पत्ति	२२,०६५
	जम्मा	**४७५,०७०**

माथि उल्लेखित सम्पत्तिहरु बैंकको प्रधान कार्यालय धर्मपथ, काठमाण्डौ तथा विभिन्न शाखाहरुमा रहेको र उक्त सम्पूर्ण सम्पत्तिहरु बैंकले नै उपभोग गरिरहेको अवस्था रहेको छ ।

(ख) **बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने) :**
उक्त बुँदामा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै रहेको ।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :** सो नभएको ।

(घ) **आर्थिक वर्ष समाप्त भए पश्चात विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्यबीच फरक भएमा सो को विवरण :**
संगठित संस्थाको सम्पूर्ण सम्पत्ति वास्तविक खर्चको हिसावमा कायम गरिएको छ र सोको पुनर्मूल्यांकन गरिएको छैन ।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण :**
परलमोलमा नियमअनुसार गर्नुपर्ने ह्रास कट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तीलाई सम्पत्तीको रुपमा राखिएको छ ।

ग.३.ग. भावी योजना तथा रणनीति :

(क) **व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :**
संगठित संस्थाले आफ्नो व्यवसाय/सेवाको बृद्धिका लागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति निम्नानुसार छन् ।
- आगामी दिनहरुमा आफ्ना शाखा विस्तारमा थप जोड दिने ।
- संगठित संस्थाले आफ्नो शाखा विस्तारको हिसावले निक्षेप संकलन तथा कर्जा प्रवाह गर्नेछ ।
- भविष्यमा समेत ग्राहकहरुबाट माग भए बमोजिमका सेवा सुविधाहरु आफ्ना ग्राहक वर्गमा ल्याउन प्रयत्नरत रहेको छ ।
- सेवा ग्राहीको संख्यामा वृद्धि गर्दै लगिने छ ।

(ख) **प्रतिष्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**
देशको बैंकिङ्ग क्षेत्रमा हाल प्रतिष्पर्धा अत्याधिक रहेको छ र सोही कारणले गर्दा यस संगठित संस्थाले आफ्नो उल्लेख्य क्षेत्र ओगट्न विभिन्न रणनीतिका साथ अघि बढेको छ । वर्तमान आर्थिक, राजनैतिक र बैकिंङ्ग प्रतिष्पर्धा बीच सफलताका साथ अगाडि बढ्न वित्तीय संस्थाले आफ्ना सेवा तथा कार्यक्रममा भिन्नता, शाखा विस्तारमा बैंक नभएका अर्ध शहरी र ग्रामीण क्षेत्रमा जोड, आधुनिक तथा प्रविधियुक्त बैंकिङ्ग सेवा जस्ता रणनीति अवलम्वन गरेर अगाडि बढिरहेको छ । उल्लेखित रणनीतिको कारण संगठित संस्था आफ्ना लगानीमा रहेको जोखिमहरु कम गर्न सक्षम रहेको छ र भविष्यमा वित्तीय क्षेत्रमा एक भिन्न क्षेत्र ओगट्ने कुरामा दृढ रहेको छ ।

ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

१. बैंकको सञ्चालकहरुको नियुक्ति र निर्वाचन प्रचलित बैंक तथा वित्तिय संस्था सम्बन्धी कानुन तथा बैंकको प्रबन्धपत्र तथा नियमावलीको अधिनमा रही बार्षिक साधारण सभाबाट हुनेछ ।
तर व्यवसायिक विशेषज्ञ सञ्चालकको नियुक्ति सञ्चालक समितिले गर्नेछ ।

२. यस बैंकमा ७ जनाको सञ्चालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ ।

* नेपाल सरकार (समूह "क") बाट मनोनित	४ (चार)
सर्वसाधारण समूह(समूह "ख") का शेयरधनीहरुबाट निर्वाचित	२ (दुई)
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञबाट मनोनित संचालक	१ (एक)
जम्मा	**७ (सात) जना**

संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

नोटः धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा ४४ को उपदफा (२) बमोजिम सर्वसाधारण शेयरधनीहरु तथा कर्मचारीहरु रहेको समूहबाट थप सार्वजनिक निष्काशन पश्चातको पूँजी संरचना बमोजिम संचालक समितिमा प्रतिनिधित्व हुने व्यवस्था गरिनेछ ।

ग.४. पुँजी संरचना सम्बन्धी जानकारी :

(क) अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्वन्धी विवरण :

अधिकृत पूँजी : संगठित संस्थाको अधिकृत पूँजी रु. १०,००,००,००,०००।- (अक्षरेपी दश अर्व) रहेको छ । उक्त पूँजीलाई रु.१००।– का दरले १०,००,००,००० (दश करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

जारी पूँजी : संगठित संस्थाको जारी पूँजी रु. ९,८१,११,४८,०००/- (नौ अर्व एकासी करोड एघार लाख अठ्चालिस हजार) रहेको छ जसलाई रु.१००/– का दरले ९,८१,११,४८० (नौ करोड एकासी लाख एघार हजार चारसय असी) थान शेयरमा विभाजन गरिएको छ ।

चुक्ता पूँजी : वित्तीय संस्थाको हाल चुक्ता पूँजी रु. ८,०४,२६,६२,२००।- (अक्षरेपी आठ अर्व चार करोड छब्बिस लाख बैसठ्ठी हजार दुईसय) रहेको छ जसलाई रु.१००/– का दरले ८,०४,२६,६२२ (आठ करोड चार लाख छब्बिस हजार छ सय बाइस) थान शेयरमा विभाजन गरिएको छ ।

यस विवरणपत्र मार्फत थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यु) गरी साधारण शेयरको बाँडफाँड गरे पश्चात कम्पनीको चुक्ता पूँजी ९,८१,११,४८,०००/- (नौ अर्व एकासी करोड एघार लाख अठ्चालिस हजार) हुनेछ ।

अधिकृत, जारी तथा चुक्ता पूँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :

पूँजी सम्बन्धी विवरण	२०७०/०७१	२०७१/०७२	२०७२/०७३	२०७३/०७४
अधिकृत पूँजी	६,००,००,००,०००	१०,००,००,००,०००	१०,००,००,००,०००	१०,००,००,००,०००
जारी पूँजी	४,००,००,००,०००	६,४९,९४,७८,२००	६,४९,९४,७८,२००	८,०४,२६,६२,२००
चुक्ता पूँजी	३,९६,५५,२३,६००	६,४६,५०,०१,८००	६,४६,५०,०१,८००	८,०४,२६,६२,२००

(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने संगठित संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

समूह	शेयरधनीहरु	साधारण शेयर संख्या	पूँजी प्रतिशत (%)	चुक्ता रकम	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु (नेपाल सरकार)	५,००,३६,८५५	५१	५,००,३६,८५,४८०	शतप्रतिशत

ख	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित)	४,८०,७४,६२५	४९	४,८०,७४,६२,५२०	"
	जम्मा	९,८१,११,४८०	**१००**	९,८१,११,४८,०००	"

(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) : शेयर प्रिमियम खाताको व्यवस्था देहाय बमोजिम रहेको ।

यस संगठित संस्थाको शेयर प्रिमियम खाता सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

शेयर प्रिमियम खाता (निष्काशन पूर्व) : रु १३,२८,३६,८०१/–

शेयर प्रिमियम खाता (निष्काशन पश्चात) : रु ३,१८,३२,७४,४४०/–

कुल : रु ३,३१,६१,११,२४१/–

ग.५. संस्थापक/संचालक सम्बन्धी जानकारी :

ग.५.क. संस्थापक/संचालकको पृष्ठभूमी :

(क) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित ब्यापार/व्यवसायमा अनुभव :

संचालकहरुको विवरण

क्र. सं	नाम	पद	उमेर (वर्ष)	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१	श्री जनार्दन शर्मा आचार्य	अध्यक्ष (नेपाल सरकारबाट मनोनित)	७०	नेपाली	गोरखा न.पा. हाल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३४ वानेश्वर	छैन	बि.ए.	कृषि विकास बैंकमा शाखा प्रवन्धक, क्षेत्रीय प्रवन्धक हुदै मानव श्रोत व्यवस्थापन विभागको विभागीय प्रमुख भई २५ वर्षको कार्य अनुभवका साथै नेपाल सरकार, यु.एन.डि.पि., यु.डि.एल.डि. को लोन ग्रान्ट विशेषज्ञको रुपमा २ वर्ष, कृषि चुन उद्योगमा महाप्रवन्धक भई करिव २ वर्ष, राष्ट्रिय सहकारी संघ नेपालको महाप्रवन्धक, नेको इन्स्योरेन्समा अध्यक्ष समेत भई करीव ५ वर्ष, राष्ट्रिय वाणिज्य बैंकको सुधार कार्यक्रम अन्तर्गत HR Chief को Capacity मा करिव ४ वर्ष र राष्ट्रिय वाणिज्य बैंकको प्रमुख कार्यकारी अधिकृतको रुपमा करिव ४.५ वर्षको कार्यानुभव रहेको । साथै यस नेपाल बैंकको व्यवस्थापन समिति सदस्य पदमा रही कार्य गरेको अनुभव समेत रहेको ।
२	श्री रामशरण पुडासैनी	सञ्चालक (नेपाल सरकारबाट मनोनित)	५४	नेपाली	कागेश्वरी, मनहरा,न.पा.३, काठमाण्डौ	छैन	एम.वि.ए.	सरकारी सेवामा करिव ३ दशक देखि कार्यरत, सो मध्ये २० वर्ष भन्दा वढी अर्थ मन्त्रालय अन्तर्गत विभिन्न पदमा रही बजेट, राजस्व र सार्वजनिक वित्तीय व्यवस्थापनको अनुभव । हाल नेपाल सरकार अर्थ मन्त्रालयमा विगत ८ वर्ष देखि सह सचिवको पदमा कार्यरत रहेको ।
३	डा. श्री डम्बर बहादुर भण्डारी	सञ्चालक (नेपाल सरकारबाट मनोनित)	६२	नेपाली	सल्यान जिल्ला डांडागाउः गा.वि.स. वडा नं. ७ हाल बसुन्धारा, काठमाडौं	छैन	पि.एच.डि	त्रिभूवन विश्वविद्यालय अर्न्तगत श्री महेन्द्र वहुमुखि क्याम्पस, दाङमा करिव १० वर्षको प्राध्यापन अनुभव, पाटन वहुमुखि क्याम्पसमा करिव २० वर्षको प्राध्यापन अनुभव रहेको

४	श्री दिपेन्द्र विक्रम थापा	सञ्चालक (नेपाल सरकारबाट मनोनित)	५८	नेपाली	काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १३	छैन	एम.पि.ए	नेपाल सरकार अन्तर्गत श्रम तथा यातायात मन्त्रालयमा करिव ८ महिना, प्रधानमन्त्रिको कार्यालयमा करिव २ वर्ष, सामान्य प्रशासन मन्त्रालयमा करिव ४ महिना र शिक्षा मन्त्रालयमा करिव २ वर्ष सचिव पदमा रही कार्य गरि १३ वर्ष २ महिनामा अवकाश लिएको । साथै, करिव ३० वर्ष अतिथि प्राध्यापक प्रशिक्षक, विगत ८ वर्ष देखि सार्वजनिक प्रशासन र व्यवस्थापनमा परामर्शदाताको रुपमा कार्यरत रहेको ।
५	श्री सुरेन्द्र बहादुर सिंह	सञ्चालक (सर्वसाधारण शेयरधनी समूह)	५८	नेपाली	काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३०	१८४००	एम.वि.ए.	विभिन्न वाणिज्य बैकमा करिव २० वर्षको कार्यानुभव । साथै नेपाल इन्स्योरेन्स कम्पनीको संचालक समितिको अध्यक्षको रुपमा रही करिव १ वर्ष तथा पर्यटन र होटल क्षेत्रमा गरी करिव २० बर्षको अनुभव रहेको ।
६	डा. श्री उमाकान्त सिलवाल	विशेषज्ञ सञ्चालक	६६	नेपाली	धादिङ्ग जिल्ला मैदी गा.वि.स, वडा नं.५	छैन	पि.एच.डि	त्रिभूवन विश्वविद्यालय ग्रामिण विकास केन्द्रीय विभागको प्रमुखमा ३ वर्षको कार्यानुभव । त्रि.बि. केन्द्रिय विभाग लगायत नेपाल कमर्श क्याम्पस, त्रिचन्द्र क्याम्पसमा ३० वर्षको प्राध्यापन अनुभव, राष्ट्रिय योजना आयोगमा करिव १ वर्षको विशेषज्ञ सेवा प्रदायकको रुपमा कार्यानुभव रहेको ।

(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक ब्यक्ति नखुलेसम्म) :
नभएको ।

(ग) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :
नभएको ।

(घ) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :

(क) कम्पनीको शेयर खरिद वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न संचालक समितिको स्वीकृती लिनु पर्नेछ । स्वीकृती बिना गरिएको शेयर खरिद वा हस्तान्तरण मान्य हुने छैन ।

(ख) सर्वसाधारण शेयरधनी समूह बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर संगठित संस्थाले थप सार्वजनिक निष्कासन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने छैन ।

ग.५.ख. संस्थापक/संचालक सँगको कारोबार :

(क) संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :

सो नभएको ।

(ख) बुँदा (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका : सो नभएको ।

ग.६. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

ग.७. संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :

ग.७.क. संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

(क) संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।

क्र.सं.	कर्मचारीको नाम	पद	योग्यता	नियुक्ति मिति	कार्यानुभव	शेयर संख्या
१.	देवेन्द्र प्रताप शाह	प्रमुख कार्यकारी अधिकृत	एम.कम/ सि.ए./बि.एल	२०७१।१२।१३	कृषि बिकास बैंकमा ३० बर्ष, बिमा समिति तथा नेपाल बैंक लिमिटेडमा ३ बर्ष भन्दा बढीको कार्यानुभव भएको ।	
२.	दुर्गाराज रेग्मी	नायव प्रमुख कार्यकारी अधिकृत	स्नातक	२०७१।०४।२१	नेपाल बैंक लिमिटेडमा २९ बर्ष भन्दा बढीको कार्यानुभव भएको ।	
३.	श्याम सुन्दर कंडेल	सहायक प्रमुख कार्यकारी अधिकृत	स्नातक	२०७३।१०।२१	नेपाल बैंक लिमिटेडमा २९ बर्ष भन्दा बढीको कार्यानुभव भएको ।	
४.	राजु नाथ खनाल	सहायक प्रमुख कार्यकारी अधिकृत	स्नाकोत्तर	२०७१।०४।३०	नेपाल बैंक लिमिटेडमा २९ बर्ष भन्दा बढीको कार्यानुभव भएको ।	
५.	कृष्ण बहादुर अधिकारी	सहायक प्रमुख कार्यकारी अधिकृत	स्नाकोत्तर	२०७३।१०।२१	नेपाल बैंक लिमिटेडमा १३ बर्ष भन्दा बढीको कार्यानुभव भएको	
६.	डिल्ली राम शर्मा	का. मु.सहायक प्रमुख कार्यकारी अधिकृत	स्नातक	२०७४।०३।१८	नेपाल बैंक लिमिटेडमा २९ बर्ष भन्दा बढीको कार्यानुभव भएको	

नोट : उल्लेखित कर्मचारीहरु अन्य कुनै संगठित संस्थाको आधारभुत शेयरधनी नरहेको तथा उनिहरुको अन्य संस्थामा लगानी नरहेको ।

(ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने : नभएको ।

(ग) कर्मचारी संख्या : हाल संगठित संस्थामा २०२२ जना कर्मचारी रहेका छन् । जसमध्ये स्थायी १४३६ जना, करारमा ५७१ जना, ईन्टरसीपमा ११ जना र दैनिक ज्यालादारीमा ४ जना रहेका छन् ।

ग.७.ख. संचालक एवं उच्च ब्यबस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :

(क) संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :

कम्पनीको विनियमावलीको व्यवस्था बमोजिम संचालकहरुको भत्ता तथा अन्य सुविधा :

विवरण	बैठक भत्ता	दैनिक भ्रमण भत्ता		संचार सुविधा	सवारी साधन सुविधा	पत्रपत्रिका सुविधा	अन्य सुविधा
		स्वदेश	विदेश				
सन्चालक समिति अध्यक्ष	४०००	१२००	भारु ६२५ डलर १६०	५०००	२००*	२०००	रु.६०००००को दुर्घटना विमा
सन्चालक समिति सदस्य	४०००^	१२००	भारु ६०० डलर १५५	५०००	२००*	२०००	रु.६०००००को दुर्घटना विमा
लेखा समिति / लेखा परीक्षणसमिति / संचालक समिति अन्तर्गतका उपसमिति आदि संयोजक	४०००^	१२००	भारु ६०० डलर १५५	५०००	२००*	२०००	रु.६०००००को दुर्घटना विमा
लेखा समिति / लेखा परीक्षण समिति/ संचालक समिति अन्तर्गतका उपसमिति आदि सदस्य	४०००^	१२००	भारु ६००	५०००	२००*	२०००	रु.६०००००को दुर्घटना विमा

(ख) **संगठित संस्थाको उच्च ब्यबस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक बर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

क्र.सं.	कर्मचारीको नाम	पद	एक आर्थिक बर्षको अवधि भित्र पारिश्रमिक को रुपमा भुक्तान गरिएको रकम	अवधि
१.	देवेन्द्र प्रताप शाह	प्रमुख कार्यकारी अधिकृत	३,९९९,७००	आ.व.०७३/०७४
२.	दुर्गाराज रेग्मी	नायव प्रमुख कार्यकारी अधिकृत	१,५३२,४०८	आ.व.०७३/०७४
३.	श्याम सुन्दर कंडेल	सहायक प्रमुख कार्यकारी अधिकृत	१,३२०,९६०	आ.व.०७३/०७४
४.	राजु नाथ खनाल	सहायक प्रमुख कार्यकारी अधिकृत	१,२९३,३१८	आ.व.०७३/०७४
५.	कृष्ण बहादुर अधिकारी	सहायक प्रमुख कार्यकारी अधिकृत	१,१६३,७२८	आ.व.०७३/०७४
६.	डिल्ली राम शर्मा	का. मु.सहायक प्रमुख कार्यकारी अधिकृत	१,२२१,८०१	आ.व.०७३/०७४

(ग) **कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** नरहेको ।

ग.८. अर्न्तनिहित जोखीम तथा सो मा व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/आयोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने ।

संगठित संस्थाको अन्तर्निहित जोखिमहरु निम्नानुसार रहेका छन् ।

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**

- कर्जा लगानीमा अप्ठ्यारो पर्ने र सम्पूर्ण निक्षेपकर्ता एकैपटक निक्षेप रकमको भुक्तानी माग गर्न आएमा भुक्तानी दिन समस्या पर्ने जोखिम

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

- सो नभएको ।

(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**

- विभिन्न बैंक तथा वित्तीय संस्थाहरुको अस्थित्वले उत्पन्न हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु ।
- वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।

- निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्यअभिबृद्धि (Cost Overrun) को जोखिम :

- सो नभएको ।

(ङ) विदेशी विनिमयको जोखिम :

- बिदेशी बिनिमय कारोबार गर्दा बिनिमय दरमा हुने थपघटबाट उत्पन्न हुन सक्ने जोखिमहरु ।

(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :

- सो नभएको ।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :

- अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु ।

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :

- देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।
- देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमहरु ।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमहरु ।

(झ) सञ्चालन इतिहासको अभाव :

- साबिकमा नेपाल बैंक कानून, १९९४ अन्तरगत स्थापना भई बैकिङ्ग कारोवार गर्दै आएकोमा कम्पनी अध्यादेश, २०६२ अनुसार कम्पनी रजिष्टार कार्यालयमा मिति २०६३/०१/०५ मा दर्ता भई मिति २०६३/०१/१७ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी वित्तीय कारोवार संचालन गर्दै आएको हुनाले संचालन इतिहासको अभाव नरहेको ।

(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :

- प्रविधि सम्बन्धी परिवर्तनबाट संगठित संस्थाको सञ्चालन तथा कारोवार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । संगठित संस्थाले प्रयोग गर्ने सफ्टवेयरमा प्रविधिको परिवर्तनबाट आउन सक्ने जोखिम व्यवस्थापनका लागि तथ्याङ्कहरुको सुरक्षार्थ Data Backup मा विशेष सतर्कता अपनाईएको छ र त्यसबाट जोखिमलाई न्यूनिकरण गर्न संगठित संस्था सक्षम रहेको छ ।

(ट) अन्य :

- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु ।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :

संगठित संस्थाको कर्जा तथा लगानी खराब भई हुनसक्ने जोखिमहरुको लागि संगठित संस्थाले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गर्नेछ संगठित संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको साथै क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति विकासमा ध्यान पु¥याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने संगठित संस्थाको नीति रहेको व्यहोरा जानकारी गराउँछौं ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :

प्रति साधारण शेयर रु.१००/– मा प्रिमियम रकम रु १८०/- थप गरी जम्मा प्रति शेयर रु २८०/- का दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवारले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

ग.९. वित्तीय विवरण :

ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :

(क) **संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा(नोक्सान हिसाब, नाफा(नोक्सान हिसाब बाँडफाँट, नगद प्रवाह विवरण :**

यस कम्पनीको आ.ब.२०७३/०७४ को लेखापरिक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँट हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

वासलात (२०७४ आषाढ मसान्त)

(रु. हजारमा)

सि.नं	पूँजी तथा दायित्व	वास्तविक आ.ब
		२०७३/७४
१	शेयर पूँजी	८,०४२,६६२
२	जगेडा तथा कोषहरु	३,४०९,०९२
३	ऋणपत्र तथा बन्ड	–
४	तिर्न बाँकी कर्जा सापट	१२,४९५
५	निक्षेप दायित्व	९३,९४४,०१४
६	भुक्तानी दिनुपर्ने बिलहरु	२९,५१४
७	प्रस्तावित लाभांश	–
८	आयकर दायित्व	–
९	अन्य दायित्व	६,६१९,३७२
	कुल दायित्व	**११२,०५७,१४९**
सि.नं	**सम्पत्ति**	
		२०७३/७४
१	नगद मौज्दात	३३९४,६९२
२	नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	१३,३८८,५४०
३	बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	८९०,०१६
४	माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	१,२००,०००
५	लगानी	१२,१८१,२९७
६	कर्जा सापटी तथा बिल खरिद	७,१७४,८८८
७	स्थिर सम्पत्ति	४७५,०७०
८	गैह्र बैंकिङ्ग सम्पत्ति	-
९	अन्य सम्पत्ति	८,७८१,६४७
	कुल सम्पत्ति	**११२,०५७,१४९**

<u>नाफा नोक्सान हिसाबको विवरण</u>

(रु. हजारमा)

सि.नं.	विवरण	वास्तविक
		२०७३/७४
१	व्याज आम्दानी	७,५२६,६५९
२	व्याज खर्च	१,७२८,३६०
	खूद व्याज आम्दानी	**५,७९८,२९९**
३	कमिशन तथा डिस्काउण्ट	३८७,१००
४	अन्य सञ्चालन खर्च	३८९,१९५
५	सटही घटबढ आम्दानी	१२१,५१२
	कूल सञ्चालन आम्दानी	**६,६९६,१०६**
६	कर्मचारी खर्च	२,३६६,७०५
७	अन्य सञ्चालन खर्च	६५९,९७९
८	सटही घटबढ नोक्सान	–
	सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा	**३,६६९,४२२**
९	सम्भावित नोक्सानी व्यवस्थाहरु	७०६,९२७
	सञ्चालन मुनाफा/नोक्सान	**२,९६२,४९५**
१०	गैह्र सञ्चालन आम्दानी/नोक्सान	१,४१३,५४७
११	सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	२८२,६८९

	नियमित कारोवारहरुबाट भएको मुनाफा/नोक्सान	**४,६५८,७३२**
१२	असामान्य कारोवारबाट भएको मुनाफा/खर्च	१३६,२९९
	सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा/नोक्सान	**४,७९५,०३१**
१३	कर्मचारी बोनस व्यवस्था	३५१,००८
१४	**आयकर व्यवस्था**	
	यस वर्षको कर व्यवस्था	१,३३६,२१२
	विगत वर्षसम्मको कर व्यवस्था	–
	यस वर्षको स्थगन कर (आम्दानी/खर्च)	(१०,०८३)
	खुद नाफा/नोक्सान	**३,११७,८९४**

(ख) **~~सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा स~~**

वासलात

(रु. हजारमा)

सि.नं	पूँजी तथा दायित्व		वास्तविक आ.ब		
		२०७१/७२	२०७२/७३	२०७३/७४	२०७४/७५चैत्र मसान्त
१	शेयर पूँजी	६,४६५,००२	६,४६५,००२	८,०४२,६६२	८,०४२,६६२
२	जगेडा तथा कोषहरु	(२,६३४,०६६)	२४८,९१३	३,४०९,०९२	५,९७६,६८४
३	ऋणपत्र तथा बन्ड	-	-		-
४	तिर्न बाँकी कर्जा सापट	-	-	१२,४९५	३,४१०,६६८
५	निक्षेप दायित्व	७७,९९८,७७६	८९,४१०,०१९	९३,९४४,०१४	९०,८१३,२७५
६	भुक्तानी दिनुपर्ने बिलहरु	७८,१३६	३६,००७	२९,५१४	-
७	प्रस्तावित लाभांश	-	-	-	-
८	आयकर दायित्व	-	-	-	-
९	अन्य दायित्व	६,३०३,२३८	७,३१९,५९३	६,६१९,३७२	५,८८९,६६८
	कुल दायित्व	**८८,२११,०८६**	**१०३,४७९,५३४**	**११२,०५७,१४९**	**११४,१३२,९५८**
सि.नं	**सम्पत्ति**			वास्तविक आ.ब	
		२०७१/७२	२०७२/७३	२०७३/७४	२०७४/७५ चैत्र मसान्त
१	नगद मौज्दात	३,३१२,६५२	३,४६९,५४२	३,३९४,६९२	३,३८१,८४८
२	नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	४,६९२,१७२	१०,९१९,७९६	१३,३८८,५४०	८,२२८,०४६
३	बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	१,००६,४८२	१,२२५,०४४	८९०,०१६	९४९,१३४
४	माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	२५०,००९	४,९००,०००	१,२००,०००	२००,०००
५	लगानी	१६,९०२,२४३	१२,८४३,४४२	१२,१८१,२९७	११,३०६,६४८
६	कर्जा सापटी तथा बिल खरिद	५०,९७०,८५८	६१,२५०,०७२	७,१७४,८८८	७९,७०५,९३२
७	स्थिर सम्पत्ति	४१७,८२२	४३७,१३८	४७५,०७०	५१८,७७५
८	गैह्र बैंकिङ्ग सम्पत्ति	-	-	-	८७,६७९
९	अन्य सम्पत्ति	१०,६५८,८४८	८,४३४,५००	८,७८१,६४७	९,७५४,८९८
	कुल सम्पत्ति	**८८,२११,०८६**	**१०३,४७९,५३४**	**११२,०५७,१४९**	**११४,१३२,९५८**

नाफा नोक्सान हिसाबको विवरण

(रु. हजारमा)

सि.नं.	विवरण	वास्तविक आ.ब			
		२०७१/७२	२०७२/७३	२०७३/७४	२०७४/७५ चैत्र मसान्त
१	व्याज आम्दानी	५,१२१,६८५	६,२६३,५४९	७,५२६,६५९	६,६०६,३२८
२	व्याज खर्च	१,८१०,६६५	१,६५८,४७८	१,७२८,३६०	२,०१३,८४०
	खूद व्याज आम्दानी	**३,३११,०२०**	**४,६०५,०७१**	**५,७९८,२९९**	**४,५९२,४८९**
३	कमिशन तथा	२६७,१५०	२८३,१४३	३८७,१००	६५२,७३७

	डिस्काउण्ट				
४	अन्य सञ्चालन खर्च	२८७,६३३	४०६,५१७	३८९,१९५	२९२,००३
५	सटही घटबढ आम्दानी	-	३४,५९२	१२१,५१२	१२४,४३७
	कूल सञ्चालन आम्दानी	**३,८६५,८०३**	**५,३२९,३२३**	**६,६९६,१०६**	**५,६६१,६६५**
६	कर्मचारी खर्च	२,४१६,७४५	२,२२४,५५३	२,३६६,७०५	१,७७२,६२०
७	अन्य सञ्चालन खर्च	५९३,३४८	६४८,५५३	६५९,९७९	५०७,५९९
८	सटही घटबढ नोक्सान	१४,९८९	-	-	-
	सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा	**८४०,७२१**	**२,४५६,२१७**	**३,६६९,४२२**	**३,३८१,४४६**
९	सम्भावित नोक्सानी व्यवस्थाहरु	४५४,०६१	५०९,००२	७०६,९२७	२६३,६०९
	सञ्चालन मुनाफा/नोक्सान	**३८६,६६०**	**१,९४७,२१५**	**२,९६२,४९५**	**३,११७,८३७**
१०	गैह्र सञ्चालन आम्दानी/नोक्सान	६१३,०४४	१,७३९,५६३	१,४१३,५४७	५०७,८९९
११	सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	३०७,८८६	७११,२०३	२८२,६८९	३१८,९१५
	नियमित कारोवारहरुबाट भएको मुनाफा/नोक्सान	**१,३०७,५९०**	**४,३९७,९८१**	**४,६५८,७३२**	**३,९४४,६५१**
१२	असामान्य कारोवारबाट भएको मुनाफा/खर्च	६१,९०५	११२,४९९	१३६,२९९	१३,८८०
	सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा/नोक्सान	**१,३६९,४९५**	**४,५१०,४८०**	**४,७९५,०३१**	**३,९५८,५३१**
१३	कर्मचारी बोनस व्यवस्था	७३,१९०	३६९,७६०	३५१,००८	२९०,६१४
१४	**आयकर व्यवस्था**				१,१००,१८९
	क) यस वर्षको कर व्यवस्था	*३१३,७७०*	*१,२७५,१८५*	१,३३६,२१२	
	ख) गत वर्षसम्मको कर व्यवस्था	*४८०,९६६*	-	-	
	ग) यस वर्षको स्थगन कर (आम्दानी/खर्च)	*१७,७२१*	*(१७,४४३)*	(१०,०८३)	
	खुद नाफा/नोक्सान	**४८३,८४८**	**२,८८२,९७८**	**३,११७,८९४**	**२,५६७,७२८**

(ग) आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात् विवरणपत्र स्वीकृतीको लागी पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तिय विवरण :

(रु. हजारमा)

सि.नं	**पूँजी तथा दायित्व**	**२०७४/७५ चैत्र मसान्त**
१	शेयर पूँजी	८,०४२,६६२
२	जगेडा तथा कोषहरु	५,९७६,६८४
३	ऋणपत्र तथा बन्ड	-
४	तिर्न बाँकी कर्जा सापट	३,४१०,६६८
५	निक्षेप दायित्व	९०,८१३,२७५
६	भुक्तानी दिनुपर्ने बिलहरु	-
७	प्रस्तावित लाभांश	-
८	आयकर दायित्व	-
९	अन्य दायित्व	५,८८९,६६८
	कुल दायित्व	**११४,१३२,९५८**
सि.नं	**सम्पत्ति**	**२०७४/७५ चैत्र मसान्त**

१	नगद मौज्दात	३,३८१,८४८
२	नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	८,२२८,०४६
३	बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	९४९,१३४
४	माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	२००,०००
५	लगानी	११,३०६,६४८
६	कर्जा सापटी तथा बिल खरिद	७९,७०५,९३२
७	स्थिर सम्पत्ति	५१८,७७५
८	गैह्र बैंकिङ्ग सम्पत्ति	८७,६७९
९	अन्य सम्पत्ति	९,७५४,८९८
	कुल सम्पत्ति	**११४,१३२,९५८**

नाफा नोक्सान हिसाबको विवरण

(रु. हजारमा)

सि.नं.	विवरण	२०७४/७५ चैत्र मसान्त
१	व्याज आम्दानी	६,६०६,३२८
२	व्याज खर्च	२,०१३,८४०
	खुद व्याज आम्दानी	**४,५९२,४८९**
३	कमिशन तथा डिस्काउण्ट	६५२,७३७
४	अन्य सञ्चालन खर्च	२९२,००३
५	सटही घटबढ आम्दानी	१२४,४३७
	कूल सञ्चालन आम्दानी	**५,६६१,६६५**
६	कर्मचारी खर्च	१,७७२,६२०
७	अन्य सञ्चालन खर्च	५०७,५९९
८	सटही घटबढ नोक्सान	-
	सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा	**३,३८१,४४६**
९	सम्भावित नोक्सानी व्यवस्थाहरु	२६३,६०९
	सञ्चालन मुनाफा/नोक्सान	**३,११७,८३७**
१०	गैह्र सञ्चालन आम्दानी/नोक्सान	५०७,८९९
११	सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	३१८,९१५
	नियमित कारोवारहरुबाट भएको मुनाफा/नोक्सान	**३,९४४,६५१**
१२	असामान्य कारोवारबाट भएको मुनाफा/खर्च	१३,८८०
	सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा/नोक्सान	**३,९५८,५३१**
१३	कर्मचारी बोनस व्यवस्था	२९०,६१४
१४	**आयकर व्यवस्था**	१,१००,१८९
	क) यस वर्षको कर व्यवस्था	
	ख) गत वर्षसम्मको कर व्यवस्था	
	ग) यस वर्षको स्थगन कर (आम्दानी/खर्च)	
	खुद नाफा/नोक्सान	**२,५६७,७२८**

(घ) **आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :** सो नभएको ।

